# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ | सङ्ख्या : ६ | मिति : २०८१/१०/०५


## भाग-२

## <u>हतुवागढी गाउँपालिका</u>

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०८१/१०/०५

# हलगोरु वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

# हलगोरु वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हतुवागढी गाउँपालिकाबाट सर्वसाधारणको जानकारीको लागि यो कार्यविधि प्रकाशन गरिएको छ ।

**पृष्ठभुमीः-** कृषि क्षेत्रमा बढ्दो यान्त्रिकिकरण, समय समयमा पशुपालनमा फैलिने महामारी रोगहरु तथा युवा जनशक्तीको अभावका कारण कृषिकर्मको लागि गोरुपालन लोप हुँदै गईरहेको र हातेट्रयाक्टरको प्रयोग बढ्दो अवस्थामा छ । हातेट्रयाक्टर हतुवागढी गाउँपालिकाको सबै भुगोलमा उपयुक्त विकल्प नभएको कारण खेतीयोग्य जमिनहरु बाँझिने तथा स्थानीय स्तरमा प्राङ्गारीक मल उत्पादनमा कमी भई जमिनको उर्वराशक्तीमा ह्रास आईरहेको हुँदा हतुवागढी गाउँपालिकाले किसानहरुलाई गोरुपालन तर्फ आकर्सित गर्न यसै वर्षदेखि हलगोरु वितरण कार्धविधि , २०८१ तयार गरि लागु गरिएको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क. यो कार्यविधिको नाम **"हलगोरु वितरण कार्यक्रम कार्यान्वयन कार्याविधि, २०८१"** रहेकोछ ।

ख. यो कार्यविधि हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मितिदेखी लागु हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **कार्यक्रमः-** भन्नाले **हलगोरु वितरण** कार्यक्रमलाई सम्झनुपर्दछ ।

ख. **कार्यक्रमको लागि कृषकको न्यूनतम योग्यता : -** भन्नाले यसै कार्यविधिको दफा — ७ मा उल्लेख कार्यक्रम सहभागिताको लागि योग्य न्यूनतम मापदण्ड जनाउदछ ।

ग. **कार्यालय :-** भन्नाले हतुवागढी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ. **कृषक :-** भन्नाले हतुवागढी गाउँपालिका क्षेत्रभित्रका कृषि पेशामा आवद्ध किसानलाई सम्झनुपर्दछ ।

ङ. **अनुदान :-** भन्नाले हतुवागढी गाउँपालिकाबाट विनियोजित बजेट अनुसार स्वीकृत कार्यक्रम बमोजिम कृषकलाई प्रदान गरिने नगद तथा वस्तुगत सहुलियत सम्झनुपर्छ ।

हतुवागढी राजपत्र

च. **अनुदानग्राही** :- भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उद्यमी/कृषि फर्म/कृषकलाई सम्झनु पर्दछ ।

छ. **अनुदानग्राही छनौट समिति :-** भन्नाले दफा — ६ बमोजिमको गठित समितिलाई जनाउदछ ।

३. **कार्यक्रम संचालनको उदेश्य :-** यस कार्यविधि अनुसार कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ ।

क. प्राङ्गगारिक कृषि प्रवर्धन गरि कृषकहरुको आयस्तर बढाउनु ।

ख. परम्परागत खेतीलाई प्रोत्साहन गर्नु ।

ग. जैविक मल उत्पादन गर्नु ।

घ. रोजगारी सृजना गर्नु ।

## परिच्छेद — २

## कार्यक्रम सञ्चालन विधि

४. **अनुदानग्राही छनौट विधि :-**

क. प्रस्ताव आह्वान गर्नेः- कार्यक्रम संचालन प्रकृयाको लागि कार्यालयले अनुसुची - १ बमोजिको सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

ख. प्रस्ताव मूल्याङ्कनः- प्रस्ताव आह्वानको सूचना अवधि भित्र तोकिएको ढाँचामा रीतपूवर्क दर्ता भएका प्रस्तावहरुलाई मूल्याङ्कन गरि कार्यालयले छोटो सूची सार्वजनिक गर्नेछ ।

ग. स्थलगत प्रमाणिकरण :- अनुदाग्राही छनौट समितिले अनुसुची — ५ बमोजिको मूल्याङ्कनको मापदण्ड अनुसार स्थलगत प्रमाणिकरण गरि अनुदानग्राही छनौट गर्नेछ ।

घ. कार्यक्रम सम्झौताः- स्वीकृत भएका आवेदक लाभग्राहीसँग कार्यालयले सम्झौताका द्धिपक्षीय शर्तहरुसहित अनुसुची — ६ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

ङ. अनुदान रकम भुक्तानी :- अनुदानग्राहीले कार्यक्रम सम्पन्न गरेपश्चात पशुपन्छी सेवा शाखाले दफा — ८ बमोजिम हलगोरुको मापदण्ड पुरा भए नभएको स्थलगत अनुगमन गरि गरेको सिफारिपत्रको आधारमा बढीमा ५० प्रतिशत अनुदान रकम अनुदानग्राहीको बैङ्क खातामा कार्यालयले भुक्तानी गर्नेछ ।

५. **अनुदानग्राही छनौट समिति :-** हतुवागढी गाउँपालिकामा अनुदानग्राही छनौट समिति निम्न बमोजिम हुनेछ ।

क. गाउँपालिका उपाअध्यक्ष — संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ग. कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक — सदस्य

घ. गाउँपालिकाको पशुपन्छी सेवा शाखा प्रमुख — सदस्य

ङ. गाउँपालिकाको कृषि शाखा प्रमुख — सदस्य सचिव

६. **अनुदानग्राही छनौट समितिको काम कर्तब्य र अधिकार**

क. म्याद भित्र काजगात पुगेका प्रस्तावहरुलाई मात्र मान्यता दिने ।

ख. रीतपूर्वक दर्ता भएका प्रस्तावहरुमध्ये तोकिएको कागजातहरु पुरा भएका तथा दफा - ७ मा बमोजिमको कृषक मापदण्ड पुरा भएका प्रस्तावहरुलाई आधार मानेर मूल्यांकन गरी छोटो सूचि प्रकाशन गर्नुपर्ने ।

ग. स्थलगत अनुगमन तथा प्रमाणिकरण गरि उत्कृष्ट देखिएका कृषकहरुलाई छनौट गर्नुपर्ने ।

७. **कृषकको मापदण्ड :-**

क. आर्थिक अवस्था कम भएको, कुनै कुलतमा नफसेको, घाँस वा अन्य गोरुको पौस्टिक आहाराको व्यवस्था गर्न सक्ने ।

ख. गोठ व्यवस्थापन भएको ।

ग. कम्तिमा ५ वर्ष गोरु विक्री नगर्ने शर्त पालन गर्ने ।

घ. पशुपंक्षीपालनको अनुभव भएको ।

८. **हलगोरुको मापदण्ड :-**

क. कार्यालयको पशुपन्छी सेवा शाखाबाट दिर्घ रोगब्याधि नभएको र जात पहिचान प्रमाणित भएको ।

ख. खोरेत र लम्पी स्कीन , चरचरे र भ्यागुते रोग विरुद्धको खोप लगाएको हुनुपर्ने ।

ग. शारिरीक अपाङ्गता नभएको ।

घ. कार्यालयको पशुपन्छी सेवा शाखाले हलगोरुको उमेर कम्तीमा ३ वर्ष भएको प्रमाणित गरेको ।

हतुवागढी राजपत्र

ङ. एक गोरु तौल १६५ के.जी. भन्दा बढी भएको , Heart girth को गोलाई १२९.७ +- १.८९ से.मी. , शरीरको लम्बाई १०२.६ +-१.६३ से.मी. र उचाई १०२.१ +- १.२० से.मी. को हुनुपर्ने ।

च. गोरुको पुच्छर नकाटिएको हुनुपर्ने ।

छ. गोरुको दाँत ६ वटा स्थायी दाँत पलाईसकेको हुनुपर्ने ।

९. **विविध :-** हलगोरु वितरण कार्यक्रम सञ्चालनको समन्वय हतुवागढी गाउँपालिका कृषि विकास शाखा तथा पशुपन्छी सेवा शाखाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

१०. **अमान्य हुने :-** यस कार्यविधीमा व्यवस्था भएका विषयहरु प्रचलित कानूनसँग बाँझिएमा अमान्य हुनेछ ।

**११. बाधा अड्काउ फुकाउने** :-

क. यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुका सम्बन्धमा कुनै अस्पस्टता भएमा सोको व्याख्या गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

ख. कार्यविधिमा कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ ।

ग. यस कार्यविधिलाई आवश्यकता अनुसार गाउपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनुसुची – १

(दफा ४ को उपदफा “क” सँग सम्बन्धित)

सूचनाको ढाँचा

हतुवागढी राजपत्र

हलगोरु वितरण कार्यक्रममा सहभागी हुने प्रस्ताव आह्वानको सूचना ।

हतुवागढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, घोडेटार भोजपुरको उप – क्षेत्र कृषि तर्फको आ.व. .................. स्वीकृत वार्षिक कार्यक्रम अनुसार हलगोरु वितरण कार्यक्रम रहेको हुदाँ ईच्छुक कृषकहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ................... दिन अर्थात ......................... गते भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न गरि यस कार्यालयको कृषि शाखामा आवेदन पेश गर्नुहुन अनुरोध छ । थप जानकारीको लागि .............................. मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजातहरु

१. अनुसुची – २ बमोजिको निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. निवेदकको कृषि फर्म/कम्पनी दर्ता भएको हकमा दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी
४. सम्बन्धित वडाको सिफारिस – पत्र
५. अनुसुची – ३ बमोजिमको व्यक्तिगत विवरण फारम
६. अनुसुची – ४ बमोजिमको स्वोघोषणा पत्र
७. अनुसुची – ५ बमोजिमको लागत साझेदारी प्रतिवद्धता पत्र
८. जग्गा धनिपुर्जाको प्रतिलिपी वा लिजमा लिएको भए सम्झौता पत्रको प्रतिलिपी

| रु. १० को हुलाक टिकट |
|---|

अनुसुची – २

(दफा ४ को उपदफा ख सँग सम्बन्धित)

(निवेदनको ढाँचा)

हतुवागढी राजपत्र

मितिः-

विषयः- हलगोरु वितरण कार्यक्रममा सहभागी गराई पाउँ ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
घोडेटार, भोजपुर ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ......................... गते प्रकाशित सूचना बमोजिम हलगोरु वितरण कार्यक्रममा सहभागी हुन म हतुवागढी गाउँपालिका ............. वडा निवासी श्री ...................................... ईच्छुक भएको हुदाँ तपसिल बमोजिको कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

तपसिल

संलग्न कागजातहरु

१. अनुसुची — २ बमोजिको निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. निवेदकको कृषि फर्म/कम्पनी दर्ता भएको हकमा दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी
४. सम्बन्धित वडाको सिफारिस — पत्र
५. अनुसुची — ३ बमोजिमको व्यक्तिगत विवरण फारम
६. अनुसुची — ४ बमोजिमको स्वोघोषणा पत्र
७. अनुसुची — ५ बमोजिमको लागत साझेदारी प्रतिवद्धता पत्र
८. जग्गा धनिपुर्जाको प्रतिलिपी / लिजमा लिएको सम्झौता पत्रको प्रतिलिपी

निवेदक

नामः-

ठेगानाः-

सम्पर्क नं. :-

अनुसुची — ३

(दफा ७ को सँग सम्बन्धित)

(व्यक्तिगत विवरणको ढाँचा)

१. कार्यक्रममा सहभागि हुने कृषकको नामः-
२. सहभागीको स्थायी ठेगानाः-

हतुवागढी राजपत्र

३. परिवार संख्या :- महिला .......... , पुरुष......... जम्मा ..........

४. कृषिकर्ममा संलग्न जनशक्ती : - महिला ........, पुरुष........., जम्मा

५. भकारो /गोठ सुधार गरे/नगरेको :- ...................

६. पशुपंक्षीपालनको अनुभव :

७. श्रोत साधनको विवरणः-

| क्र.सं. | विवरण | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | कुल जग्गाको क्षेत्रफल(भाँडामा लिएको समेत | रोपनी | | |
| क. | कूल खेती गरिएको क्षेत्रफल | रोपनी | | |
| ख. | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | रोपनी | | |
| ग. | सिंचित जग्गाको क्षेत्रफल | रोपनी | | |
| घ. | घाँस खेती विवरण क्षेत्रफल | | | |
| | १. स्थानिय डाले घाँस | विरुवा संख्या | | |
| | २. स्थानिय भुँई घाँस | क्षेत्रफल रोपनी | | |
| | ३. उन्नत घाँस | क्षेत्रफल रोपनी | | |

८. वार्षिक आम्दानी स्थितीः-

| क्र.सं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपन्छीपालन कार्यबाट | | |
| ३ | गैर कृषि कार्यबाट | | |
| | कुल जम्मा आम्दानी | | |

अनुसुची — ४

(दफा ४ को उपदफा "ख" सँग सम्बन्धित)

(अनुदान नलिएको स्वोघोषणाको ढाँचा)

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर।

विषयः- स्वघोषणा सम्बन्धमा।

उपरोक्त विषयमा म र मेरो समुह/संस्था/फर्म.......................................... .......................... ले विगत ३ वर्षमा कुनैपनि निकायको कृषि अनुदान नलिएको र कार्यक्रम छनौट भएको खण्डमा आगामि ३ वर्षमा कुनैपनि कृषि अनुदान नलिने ब्यहोरा श्रीमान समक्ष घोषणा गर्दछु। तोकिएको अवधिमा कुनैपनि प्रकारको कृषि अनुदान लिएको प्रमाणित भएमा कानून बमोजिम दण्ड जरिवाना भोग्न समेत तयार रहेको ब्यहोरा समेत अनुरोध छ।

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको समुह/संस्था/फर्मः-
ठेगानाः-
प्रस्तावकको नामः-
हस्ताक्षरः-
मितिः-
समुह/संस्था/फर्मको छाप-

## अनुसुची — ५
(दफा ४ को उपदफा "ख" सँग सम्बन्धित)
(लागत साझेदारी प्रतिवद्धताको ढाँचा)

### लागत साझेदारी प्रतिवद्धता

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार भोजपुरले मिति.......................... गते प्रकाशन गरेको सूचना बमोजिम हतुवागढी गाउँपालिका वडा नं. ........... .................

हतुवागढी राजपत्र

गाउँ/टोल स्थायी ठेगाना भएको श्री .................................... ले लागत साझेदारीमा हलगोरु वितरण कार्यक्रम कार्यक्रम संचालनका लागि पेश गरेको कुल लागतको ........................ प्रतिशत रकम लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी उक्त कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता गर्दछु।

दायाँ बायाँ

प्रस्तावकको

नामः

फर्मको नामः-

फर्मको छापः-

हस्ताक्षरः-

अनुसुची — ६

(दफा ७ को उपदफा "ग" सँग सम्बन्धित)

(अनुदानमा प्राप्त हलगोरु बिक्री नगर्ने शर्तनामा ढाँचा)

लिखितम कोशी प्रदेश भोजपुर जिल्ला हतुवागढी गाउँपालिका वडा नं. ...... बस्ने ......................... को नाती/नातिनी .............................. को छोरा/छोरी/बुहारी .......................................... को म ....................................... ले हतुवागढी गाउँपालिकाको कार्यालय, घोडेटार, भोजपुरबाट नियमानुसार ............ प्रतिशत अनुदानमा जम्मा खरीद मुल्य रु................................................. मा हलगोरु खरीद गरी लिएको छु । उक्त हलगोरु आजको मितिले ५ वर्षसम्म कसैलाई बिक्री वितरण वा भाँडामा दिने छैन र दिएको अवस्थामा म माथी नियमानुसार हुने कारबाही सहर्ष स्वीकार्ने सहमतीका साथ मेरो राजी खुसीले यो शर्तनामा गरि दिए ।

| दाँया | बाँया |
|---|---|
| | |

अनुदानग्राहीको नाम,थरः-

हस्ताक्षरः-

ल्याप्चेः-

साक्षीहरुः-

| | नाम | ठेगाना | हस्ताक्षर | औठाँछाप | |
|---|---|---|---|---|---|
| | | | | दाँया | बाँया |
| उक्त जग्गाको पुर्व तर्फको सधिँयारको | | | | | |
| उक्त जग्गाको पश्चिम तर्फको सधिँयारको | | | | | |
| उक्त जग्गाको उत्तर तर्फको सधिँयारको | | | | | |
| उक्त जग्गाको दक्षिण तर्फको सधिँयारको | | | | | |

सम्बन्धित वडाका वडाध्यक्ष श्री ................................

ईति संवत २०..... साल ............... महिना .............गते........... रोज शुभम ।

## अनुसुची — ५

दफा ४ को उपदफा "ग" सँग सम्बन्धित

(हलगोरु वितरण कार्यक्रम संचालानार्थ कृषकले पेश गरेको प्रास्तावको मूल्यांकनको आधारहरु

कार्यक्रमको नामः

प्रस्तावकको नामथरः- ठेगानाः-

हस्ताक्षरः- मितिः-

| क्र.सं. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क अंक | प्राप्ताङ्क अंक | मूल्यांकन विधि |
|---|---|---|---|---|
| १ | प्राविधिक पक्ष | ४० | | स्थलगत अनुगमन |
| | १.१ पशु पालनको अनुभव | १० | | स्थलगत अनुगमन |
| | १.२ पशु आहाराको अवस्था र उत्पादन | १० | | स्थलगत अनुगमन |

| | | | | |
|---|---|---|---|---|
| | १.३ गोठ सुधार भएको /नभएको | १० | | स्थलगत अनुगमन |
| | १.४ जग्गाको उपलब्धता | १० | | स्थलगत अनुगमन |
| २ | आवेदकको व्यक्तिगत विवरण | २० | | स्थलगत अनुगमन |
| | २.१ आर्थिक स्थिती | १० | | स्थलगत अनुगमन |
| | २.२ दलित,जनजाती,एकल महिला/पुरुष, अपाङ्गता, पिछडिएको वर्ग भए/नभएको | १० | | स्थलगत अनुगमन |
| ३ | लगानी श्रोतको सुनिश्तिता | १० | | स्थलगत अनुगमन |
| ४ | प्राविधिक ज्ञान सिप बारे जानकारी तथा प्रयोगको स्थिति | १० | | स्थलगत अनुगमन |
| ५ | कार्यक्रमको दिगोपनाको स्थिति | २० | | स्थलगत अनुगमन |
| | जम्मा | १०० | | |

स्थलगत प्रमाणिकरण टोलीको राय

| क्र.सं. | पद | नाम | राय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

**अनुसूची-६**

दफा ४ को उपदफा "ग" सँग सम्बन्धित

**सम्झौता-पत्रको ढाँचा**

**मिति :**

## सम्झौता पत्र ।

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार भोजपुर (यस पछि पहिलो पक्ष भनिएको) र श्री ………………………………………………………………………… (यस पछि दोस्रो पक्ष भनिएको) का बीच **हलगोरु वितरण कार्यक्रम**को कार्यको लागि देहायका शर्तको अधिनमा रहि कार्य गर्न/गराउन मन्जुर भइ यो सम्झौता पत्रमा हस्ताक्षर गरी १/१ प्रति बुझिलियौ/दियौ ।

**सम्झौताका शर्तहरु :**

१. दोश्रो पक्षले पहिलो पक्षबाट स्वीकृत व्यवसाय योजना अनुसारका देहायका कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।

| क्र.स | क्रियाकलाप विवरण | कुल लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|

हतुवागढी राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| अक्षरुपी | | | | |

२. दोश्रो पक्षले कार्यक्रम सम्पन्न भएपछि पहिलो पक्षसंग अनुगमन/जाँचपास गराइ फरफरक लिनुपर्ने छ ।

३. उल्लेखित कार्य सम्झौता भएको मिति देखि............ दिन भित्र सम्पादन गरी सक्नु पर्नेछ ।

४.उल्लेखित कार्य सम्पन्न गरेवापत पहिलो पक्षबाट दोश्रो पक्षलाई विल भपाई/मुल्यांकनको आधारमा /नियमानुसार अनुदान रकम उपलब्ध हुनेछ ।

५. यस सम्झौतामा उल्लेख भए देखि बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

| प्रथम पक्ष | साँक्षी | दोश्रो पक्ष |
|---|---|---|
| दस्तखत :<br><br>नाम :<br><br>पद :<br><br>कार्यालयः<br><br>छाप : | दस्तखत :<br>नाम :<br>पद :<br><br>दस्तखत :<br>नाम :<br>पद | दस्तखत :<br><br>नाम :<br><br>पद :<br><br>संस्थाको नाम :<br><br>संस्थाको छाप |

ईति सम्बत साल महिना गते रोज शुभम ।

हलेसी गाउँपालिका राजपत्र

<u>आज्ञालेः</u>

**महेश निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**